annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १४६, पृष्ठ ८ | काठमाडौं, मंगलबार ७ असोज २०८२ | आश्विन शुक्लपक्ष द्वितीया, नेपाल संवत् ११४२ | TUESDAY, SEPTEMBER 23, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## मधेसका गौरव आयोजना

# खोइ कसरी गौरव गर्ने ?

मधेस प्रदेश सरकारले 'गौरव' भन्दै सुरु गरेका मधेस परिवहनदेखि कृषि विश्वविद्यालयसम्मका आयोजनाहरूले सुरुमा विकासको सपना देखाए, अहिले भ्रष्टाचार र असक्षमताको कथा सुनाइरहेका छन् ।

**मनिका झा** | *जनकपुरधाम*

– को रिपोर्ट




### मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्थापना : २५ चैत २०७७
बजेट : प्रारम्भिक पुँजी, आव २०७७/७८ को बजेट रु. ४० करोड, चालु आवको बजेट सञ्चालन खर्च रु.१७ करोड

### रामजानकी रंगशाला

स्थापना : २०७४ मंसिर ३, प्रदेश गौरव भनिएको : २०७९
बजेट : प्रदेश सरकारले रु. २ अर्ब लगानी गरेर पूर्णता दिने भने पनि जग्गा विवादका कारण काम अघि बढ्न नसकेको

### मधेस कृषि विश्वविद्यालय

स्थापना : २७ मंसिर २०७८
बजेट : प्रारम्भिक पुँजी आव २०७८/७९ मा रु.३१ करोड ७६ लाख, चालु आवमा विनियोजित बजेट : रु.४ करोड

### बेटी पढाऊ, बेटी बचाऊ

स्थापना : २०७४/७५
बजेट : सुरुआती बजेट : रु. ८० लाख हाल अधिकांश कार्यक्रम बन्द

### मुख्यमन्त्री स्वच्छता अभियान

स्थापना : २०७७/७८
बजेट : सुरुआती बजेट : रु.५३ करोड ४० लाख, आव २०७८/७९ मा रु.१९ करोड ४१ लाख ४१ हजार विनियोजन, हाल अभियान स्थगित

### प्रदेश परिवहन आयोजना

स्थापना : ९ मंसिर २०७७
बजेट : पाँचवटा बस खरिद रु.३ करोड ९ लाख ८२ हजार, हाल स्थगित

### मधेस सहिद लोकमार्ग

स्थापना : २०७७/७८
बजेट : डीपीआर निर्माणका लागि रु.२ करोड ५० लाख विनियोजित, हालसम्म कामअघि नबढेको

# थपिए ४ विषयगत मन्त्री



अनिलकुमार सिन्हा | मदनप्रसाद परियार | महावीर पुन | जगदीश खरेल

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वको सरकारमा ४ मन्त्री थपिएका छन्। सोमबार उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन, न्याय तथा संसदीय ममिला, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्रीको जिम्मेवारी पूर्वन्यायाधीश अनिलकुमार सिन्हालाई दिइएको छ। वैज्ञानिक एवं सामाजिक अभियन्ता महावीर पुन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री भएका छन्।

त्यस्तै, कृषि इन्जिनियर मदनप्रसाद परियार कृषि तथा पशुपन्छी विकासमन्त्री तथा पत्रकार जगदीश खरेल सञ्चार तथा सूचना प्रविधिमन्त्री भएका छन्। प्रधानमन्त्री कार्कीको सिफारिसमा सिन्हा, पुन, परियार र खरेललाई राष्ट्रपति रामचन्द्र पौडेलले नियुक्त गरेका छन्। उनीहरूलाई राष्ट्रपति पौडेलले सोमबार नै पद तथा गोपनियताको शपथ पनि गराएका छन्।

प्रधानमन्त्री कार्कीद्वारा स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा सिफारिस गरिएकी डा. संगीता कौशल मिश्राका नाम भने हटाइएको छ। डा. मिश्राको नाम विवादमा परेपछि उनको नाम अन्तिम अवस्थामा काटिएको हो। डा. मिश्रा स्वास्थ्य सेवा विभागको महानिर्देशक हुँदा स्वास्थ्य उपकरण खरिदमा परेको उजुरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विस्तृत अनुसन्धान गरिरहेको हुँदा उनको नाम काटिएको हो।

सोमबार ४ जना थपिएसँगै ८ सदस्यीय मन्त्रिपरिषद् भएको छ । पूर्वन्यायाधीश सिन्हाले कानुनसहित तीन मन्त्रालयको जिम्मा पाएका छन्। सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री बनेका छन्। दुई वर्षअघि सर्वोच्च अदालतबाट उनले अवकाश पाएका हुन्। उनी वाणिज्य तथा कर्पोरेट कानुनका विज्ञका रूपमा परिचित छन् । नेपाल ल क्याम्पसबाट २०३९ सालमा स्नातक उत्तीर्ण गरेपछि २०७३ सालसम्म उनले निरन्तर वकालत गरे। २०७३ साउन १७ सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएका उनी ६५ वर्षे उमेर हदका कारण २०८० कात्तिक १५ गते सेवा निवृत्त भएका थिए।

उनी न्यायाधीश हुनुअघि वरिष्ठ अधिवक्ताका कर र कर्पोरेट क्षेत्रका विशेषज्ञ वकिल थिए। अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको योग्यतासम्बन्धी विवाद, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रतिनिधिसभाको पहिलो विघटन, कर फछ्र्यौट आयोगसम्बन्धी विवाद निरुपणलगायत मुद्दामा भएका फैसला उनका महत्वपूर्ण फैसला हुन्।

» बाँकी पृष्ठ ६

